कर्णाली प्रदेशको पहिलो दैनिक

# काँक्रेविहार

राष्ट्रिय दैनिक

www .kankrebihar .com

❒ वर्ष : २५ ❒ अंक : ३०२ ❒ बिहीवार, २८ साउन, २०८३ ❒ Thursday, 13 Aug 2026 ❒ नेपाल संवत ११४६ ❒ पृष्ठ : ४ ❒ मूल्य : रू. १०







# बेतन कर्णाली जलविद्युत् आयोजनाको निर्माणपूर्व कामले गति लिँदै

***आयोजना कर्णाली र सुदूरपश्चिम प्रदेशसँग जोडिएको छ। प्रभावित क्षेत्रका दुई प्रदेश र चार स्थानीय तहसँग समन्वय भइरहेको छ। उत्पादन हुने ४ सय ३९ मेगावाट विद्युत् राष्ट्रिय प्रसारणमा जोडिनेछ।***

❒ **काँक्रेविहार संवाददाता**
सुर्खेत, २७ साउन

कर्णाली नदीमा निर्माण प्रस्ताव गरिएको ४ सय ३९ मेगावाट क्षमताको बेतन कर्णाली अर्धजलाशययुक्त जलविद्युत् आयोजनाको निर्माणपूर्वका कामले पछिल्लो समय गति लिन थालेको छ। करिब ९३ अर्ब ४० करोड रुपैयाँ लागत अनुमान गरिएको आयोजनाले जग्गा प्राप्ति, मुआब्जा वितरण, वन क्षेत्रको भोगाधिकार, रुख कटान तथा पहुँचमार्ग निर्माणलाई प्राथमिकताका साथ अघि बढाएको हो।

सुर्खेतको चौकुने गाउँपालिका-४, ५ र ६ हुँदै बग्ने कर्णाली नदीमा निर्माण हुने आयोजनाको प्रारम्भिक काम करिब आठ वर्षअघि सुरु भएको थियो। आयोजना संरचना निर्माणस्थलको प्राविधिक विषय र अर्को जलविद्युत् आयोजनासँगको सर्वेक्षण क्षेत्रसम्बन्धी विवादका कारण लामो समय काम प्रभावित भएको थियो। अहिले ती जटिलता समाधान भएपछि आयोजना निर्माणको चरणतर्फ अघि बढेको आयोजनाले जनाएको छ। तत्कालीन सुशीला कार्की नेतृत्वको सरकारले २०८२ मंसिर ३ गते लगानी बोर्डबाट आयोजना स्वीकृत गरेको थियो। त्यसपछि आयोजनाको पूर्वाधार निर्माण तथा आवश्यक प्रशासनिक प्रक्रिया तीव्र बनाइएको हो।

आयोजनाका बाँकी पृष्ठ २



## २२ किलोमिटर लामो जलाशय

*आयोजनाको जलाशय मालुमेलादेखि माथि बल्देसम्म करिब २२ किलोमिटर लामो हुने बताइएको छ। समुद्री सतहबाट करिब ४७१.३ मिटरको उचाइमा पानी रहने गरी जलाशय निर्माण गर्ने योजना छ। आयोजनाले जलाशयलाई विद्युत् उत्पादनसँगै पर्यटन विकासको आधारका रूपमा समेत उपयोग गर्ने लक्ष्य लिएको छ। जलाशय तथा ड्याम क्षेत्र पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न सकिने र त्यसबाट स्थानीयको आर्थिक गतिविधि बढ्ने आयोजनाको अपेक्षा छ।*

## दुई प्रदेश र चार स्थानीय तहसँग समन्वय

आयोजना क्षेत्र कर्णाली र सुदूरपश्चिम प्रदेशसँग जोडिएको छ। प्रभावित क्षेत्रका दुई प्रदेश सरकार तथा चार स्थानीय तहसँग समन्वय भइरहेको आयोजनाले जनाएको छ। आयोजनाका इन्जिनियर शाहीले स्थानीय समुदाय तथा प्रदेश सरकारबाट आयोजनालाई सकारात्मक सहयोग प्राप्त भइरहेको बताए। उनका अनुसार आयोजना निर्माणबाट स्थानीय रोजगारी, पूर्वाधार विकास तथा आर्थिक गतिविधिमा समेत वृद्धि हुने अपेक्षा गरिएको छ। आयोजनाबाट उत्पादन हुने ४ सय ३९ मेगावाट विद्युत् नेपाल विद्युत् प्राधिकरणसँगको विद्युत् खरिद- बाँकी पृष्ठ २

## एक वर्षभित्र मुख्य निर्माणमा जाने लक्ष्य

आयोजनाले जग्गा प्राप्ति, वन क्षेत्रको भोगाधिकार र रुख कटानलगायत पूर्वतयारीका काम सकेर एक वर्षभित्र मुख्य निर्माणमा प्रवेश गर्ने लक्ष्य राखेको छ। इन्जिनियर शाहीका अनुसार यही वर्षभित्र आवश्यक कानुनी तथा प्रशासनिक प्रक्रिया टुंग्याएर प्रिकन्स्ट्रक्सनको काम अघि बढाउने तयारी छ। त्यससँगै विद्युत् खरिद-बिक्री सम्झौता (पीपीए) र वित्तीय व्यवस्थापनको कामलाई पनि तीव्रता दिने योजना रहेको उनले बताए। आयोजना निर्माण सुरु भएको पाँच वर्षभित्र विद्युत् उत्पादन गर्ने लक्ष्य राखिएको छ। यद्यपि जग्गा, वन, स्वीकृति तथा अन्य प्रक्रियामा हुने ढिलाइले आयोजना सम्पन्न हुने समय प्रभावित हुन सक्ने आयोजनाको भनाइ छ।

## पूर्ण स्वदेशी लगानी

बेतन कर्णाली जलविद्युत् आयोजना पूर्ण रूपमा स्वदेशी लगानीमा निर्माण हुने प्रस्ताव गरिएको छ। आयोजनामा कर्मचारी सञ्चय कोषको १५ प्रतिशत, सञ्चयकर्ताको ४० प्रतिशत, नेपाल विद्युत् प्राधिकरणको १० प्रतिशत र विद्युत् उत्पादन कम्पनीको १० प्रतिशत लगानी रहनेछ। बाँकी २५ प्रतिशत सेयर सर्वसाधारणका लागि छुट्याइएको छ। सर्वसाधारणतर्फ प्रभावित क्षेत्रका बासिन्दाका लागि १३ प्रतिशत, अति प्रभावित क्षेत्रका बासिन्दाका लागि दुई प्रतिशत र अन्य सर्वसाधारणका लागि १० प्रतिशत सेयर वितरण गर्ने योजना रहेको आयोजनाले जनाएको छ।

# एआईको दुरुपयोग गरी चरित्रहत्या र त्रास सिर्जना नगर्न आग्रह



❒ **काँक्रेविहार संवाददाता**
काठमाडौं, २७ साउन

प्रविधिको विकास र विस्तारसँगै पछिल्लो समय एआई प्रविधिको दुरुपयोग गरी सामाजिक सञ्जाल तथा डिजिटल प्लेटफर्ममार्फत विभिन्न व्यक्ति तथा संघसंस्थाका कृत्रिम फोटो तथा भिडियो सिर्जना गर्ने, आमक सूचना प्रकाशन गर्ने, चरित्रहत्या गर्ने अभिप्रायले सिर्जित श्रव्यदृश्य सामग्री तथा अभिव्यक्ति सम्प्रेषण गर्ने र आम जनमानसमा त्रास सिर्जना गर्ने कार्य भइरहेको भन्दै प्रहरीले सचेत गराएको छ।

नेपाल प्रहरी प्रधान कार्यालय साइबर ब्यूरोले सार्वजनिक सचेतना जारी गर्दै यस्ता कार्य नैतिक रूपमा गलत हुनुका साथै कानुनी रूपमा समेत दण्डनीय हुने जनाइएको छ। यस किसिमका कार्यमार्फत समाजमा त्रास सिर्जना गर्ने तथा व्यक्ति वा संघसंस्थाको चरित्रहत्या गर्ने जो कोहीलाई प्रचलित कानुनबमोजिम कडा भन्दा कडा सजाय हुने व्यहोरा सम्बन्धित सबैमा सूचित गरिएको छ। अनलाइन माध्यममा भेटिने हरेक विषयलाई हत्तपत्त विश्वास नगरी विश्वासनीय स्रोतबाट मात्र आधिकारिक जानकारी लिन आम जनसमुदायमा अनुरोध गरिएको छ।

प्रवक्ता एवं सूचना अधिकारी दिलीपकुमार गिरीले जारी गरेको सार्वजनिक सचेतनामा एआई तथा डिजिटल प्रविधिको दुरुपयोगबाट हुन सक्ने यस्ता गतिविधिप्रति सचेत रहन आग्रह गरिएको हो।

# पदक जितेको चार वर्षपछि पाए १ सय ५० जना खेलाडीले पुरस्कार



❒ **काँक्रेविहार संवाददाता**
सुर्खेत, २७ साउन

कर्णाली प्रदेशबाट विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा पदक जितेका खेलाडीले चार वर्षदेखि रोकिएको पुरस्कार रकम एकमुष्ट पाएका छन्। कर्णाली प्रदेश खेलकुद विकास परिषद्ले अन्तर्राष्ट्रिय, राष्ट्रिय, राष्ट्रपति रनिङ शिल्ड तथा अन्तरप्रदेश खेलकुद प्रतियोगितामा पदक जितेका करिब १ सय ५० खेलाडीलाई पुरस्कार वितरण गरेको हो। परिषद्का लेखा अधिकृत लबविक्रम शाहका अनुसार विगत चार वर्षदेखि वितरण हुन नसकेको पुरस्कार रकम यसपटक एकमुष्ट रूपमा उपलब्ध गराइएको हो। परिषद्ले प्रदेश सरकारले तोकेको मापदण्डका आधारमा पदक विजेता खेलाडीलाई पुरस्कार वितरण गरेको जनाएको छ।

अन्तर्राष्ट्रिय प्रतियोगितामा स्वर्ण पदक विजेतालाई २ लाख ५० हजार, रजतलाई २ लाख र कास्य पदक विजेतालाई ७५ हजार रुपैयाँ तथा एसियाली खेलकुदमा कास्य पदक विजेतालाई १ लाख रुपैयाँ पुरस्कार दिने व्यवस्था छ। राष्ट्रियस्तरका प्रतियोगितामा स्वर्ण, रजत र कास्य पदक विजेताले क्रमशः २० हजार, १५ हजार र १० हजार रुपैयाँ पाउने व्यवस्था छ। यसपटक सबैभन्दा बढी पुरस्कार कराँते खेलाडी एलिसा रास्कोटीले प्राप्त गरेकी छन् उनले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा जितेका पदकबापत एकमुष्ट ११ लाख ७० हजार रुपैयाँ पुरस्कार पाएकी हुन्। त्यस्तै कराँतेकी प्रियंका शाहीले ३ लाख ५ हजार, उसुका दीपक हमालले १ लाख ५० हजार, कराँतेकी कृतिका कटुवालले १ लाख २७ हजार, दीपक विकले ५० हजार तथा कबड्डीकी बिनिता पण्डित क्षेत्रीले १ लाख रुपैयाँ पुरस्कार पाएका छन्। क्रिकेटलगायत अन्य खेलका पदक विजेता खेलाडीले पनि आफूले प्राप्त गरेको पदकका आधारमा पुरस्कार पाएका छन्। पुरस्कार पाउनेमा १४औं, १५औं र १६औं राष्ट्रपति रनिङ शिल्ड तथा प्रथम अन्तरप्रदेश खेलकुद प्रतियोगिताका पदक विजेतासमेत छन्। परिषद्का सदस्य-सचिव रविन्द्र चन्दले चार वर्षको पुरस्कार एकैपटक वितरण भएकाले यसपटक रकम केही ठूलो देखिएको बताए उनका अनुसार यसपटक पुरस्कारमा ५० लाख रुपैयाँभन्दा बढी खर्च भएको छ।

"चार वर्षको पुरस्कार एकैपटक दिँदा धेरै रकम देखिएको हो। चालु आर्थिक वर्षदेखि यस्तो अवस्था हुँदैन, सदस्य सचिव चन्दले भने, "अब खेलाडीले प्राप्त गरेको पदकअनुसार समयमै पुरस्कार पाउने व्यवस्था मिलाउँछौं। परिषद्ले पुरस्कारबाट छुटेका खेलाडीलाई आगामी पुरस्कार वितरणसँगै सम्मान गर्ने जनाएको छ। लामो समयदेखि रोकिएको पुरस्कार रकम पाएपछि पदक विजेता खेलाडीलाई थप उत्साह मिल्ने तथा आगामी प्रतियोगितामा राम्रो प्रदर्शन गर्न प्रोत्साहन पुग्ने परिषद्को अपेक्षा छ।

# सार्वजनिक खरिद ऐन संसोधनको विषय अन्तिम सुनुवाईमा निक्यौल गर्ने सर्वोच्चको आदेश




❒ **काँक्रेविहार संवाददाता**
काठमाडौं, २७ साउन

सर्वोच्च अदालतको संवैधानिक इजलासले पत्रिकामा टेण्डरका विज्ञापन प्रकाशित गर्न निषेध गर्नेगरी भएको सार्वजनिक खरिद ऐन २०६३ को संसोधन उपरको रिटमा सरकारका नाममा कारण देखाउ ओदश जारी भएको छ।

प्रधानन्यायाधीश मनोज कुमार शर्मा, न्यायाधीशहरु विनोद शर्मा, सारंगा सुवेदी, अब्दुल अजिज मुसलमान र महेश शर्मा पौडेल सहितको पांच सदस्यीय इजलासले सार्वजनिक खरिद ऐनमा संसोधन गर्नु पर्नाको कारण माग गरेको हो। इजलासले मुद्दाको विषयवस्तु अन्तिम सुनुवाईको बाँकी पृष्ठ २

## सम्पादकीय

# बोलाउने होइन, रोक्ने नीति चाहिन्छ

कर्णालीमा पर्यटनसँग जोडिएका व्यवसायमा निजी क्षेत्रको आकर्षण बढ्दै जानु सकारात्मक संकेत हो । फनपार्क, रिभर गाइड र ट्राभल एजेन्सीजस्ता व्यवसाय सञ्चालनका लागि अनुमति लिनेको संख्या बढ्नुले कर्णालीको पर्यटन सम्भावनाप्रति निजी क्षेत्रको विश्वास विस्तार हुँदै गएको देखाउँछ । तर व्यवसायको संख्या बढ्दैमा मात्रै कर्णालीको पर्यटनले अपेक्षित आर्थिक गति लिन सक्दैन । रारा, शे–फोक्सुन्डो, काँक्रेविहार, कर्णाली नदी, सिंजा, पचाल झरना, बुलबुले, मानसरोवर यात्रा तथा असंख्य धार्मिक, सांस्कृतिक र प्राकृतिक सम्पदा कर्णालीका अमूल्य पर्यटन सम्भावना हुन् । समस्या गन्तव्यको अभाव होइन ती गन्तव्यसम्म पर्यटकलाई सहज रूपमा पुऱ्याउने र पुगेपछि केही दिन कर्णालीमै रोक्ने वातावरणको अभाव हो ।

यसका लागि सबैभन्दा पहिले पूर्वाधारमा ध्यान दिनुपर्छ । सडक र हवाई पहुँच सहज, भरपर्दो र सुरक्षित हुनुपर्छ । पर्यटकीय गन्तव्यमा खानेपानी, सरसफाइ, सञ्चार, स्वास्थ्य, सुरक्षा र गुणस्तरीय आवासको व्यवस्था हुनुपर्छ । केवल गन्तव्यको प्रचार गरेर पर्यटक बोलाउने तर गन्तव्यमा पुगेपछि आधारभूत सुविधा नपाउने अवस्था अन्त्य गर्न आवश्यक छ । त्यसैगरी कर्णालीको पर्यटनलाई केही चर्चित गन्तव्यमा मात्र सीमित राख्नु हुँदैन । धार्मिक, सांस्कृतिक, साहसिक, प्रकृति, कृषि तथा सामुदायिक पर्यटनलाई एउटै पर्यटन सञ्जालमा जोड्न सक्नुपर्छ । रारा वा शे–फोक्सुन्डो पुगेको पर्यटकलाई अन्य गन्तव्यसम्म लैजाने प्याकेज विकास गर्न सके पर्यटकको बसाइ अवधि बढाउन सकिन्छ ।

पर्यटनलाई होटल र ट्राभल एजेन्सीको व्यवसायका रूपमा मात्रै बुझ्नु अर्को कमजोरी हुनेछ । पर्यटनसँग स्थानीय कृषि, हस्तकला, घरेलु उत्पादन, यातायात, कला–संस्कृति र रोजगारीलाई जोड्नुपर्छ । स्थानीय उत्पादनलाई पर्यटक बजारसँग जोड्न सके गाउँका किसान, महिला समूह, युवा र साना उद्यमीले समेत पर्यटनबाट प्रत्यक्ष लाभ लिन सक्छन् । निजी क्षेत्र पर्यटनमा प्रवेश गरिरहेको अवस्थामा सरकारले नियमन गर्ने मात्र होइन, सहजीकरण गर्ने भूमिका पनि निर्वाह गर्नुपर्छ । लगानीमैत्री वातावरण, व्यवसाय दर्ता तथा अनुमति प्रक्रियामा सहजता, दक्ष जनशक्ति उत्पादन, पर्यटन प्रवर्द्धन र बजार विस्तारका कार्यक्रमलाई प्राथमिकता दिनुपर्छ । कर्णाली सरकारले पर्यटनलाई समृद्धिको आधार मान्ने हो भने अब नाराभन्दा परिणाम देखिने नीति आवश्यक छ । पर्यटकको संख्या मात्र गन्ने होइन, उनीहरू कति दिन बसे, कति खर्च गरे, स्थानीय समुदायले कति आम्दानी गरे र कति रोजगारी सिर्जना भयो भन्ने सूचकबाट पर्यटनको सफलता मापन गर्नुपर्छ ।

कर्णालीमा निजी क्षेत्रको बढ्दो आकर्षण अवसर हो । तर यो अवसरलाई दिगो आर्थिक विकासमा बदल्ने जिम्मेवारी सरकार, निजी क्षेत्र र स्थानीय समुदाय सबैको हो । कर्णालीलाई पर्यटक आउने प्रदेश मात्र होइन, पर्यटक बस्ने, खर्च गर्ने र फेरि फर्केर आउन चाहने प्रदेश बनाउन सक्नुपर्छ । अबको पर्यटन नीति स्पष्ट हुनुपर्छ, पर्यटक बोलाउने मात्र होइन, कर्णालीमा रोक्ने र उनीहरूले खर्च गरेको रकम स्थानीय अर्थतन्त्रमा पुऱ्याउने यही बाटोले मात्र कर्णालीको विशाल पर्यटन सम्भावनालाई वास्तविक समृद्धिमा बदल्न सक्छ ।

# बिरानो सहरमा : एक छोरीको लोकसेवा यात्रा



✍ एलिना बुढा

बिहानको पहीलो घामले पुर्वतिरका डाडाँहरूलाई सुनौलो बनाउदै थियो। गाँऊ अझै निन्द्राबाट पुर्णरूपमा ब्युँझिएको थिएन । चराहरूको चिरबिर, गाईवस्तुको आवाज र चिसो हावाले गाँऊको वातावरणलाई जीवन्त बनाइरहेको थियो । यँही गाँऊमा जन्मिएकी थिइन् आरती, सामान्य किसान परिवारकि छोरी आरतिको सपना भने असामान्य थियो ।उनी लोकसेवा परीक्षा उतिर्ण गरेर रास्ट्रको सेवा गर्न चाहन्थिन्।

आरतिका बुवा खेतिपाति गर्नुहुनुथ्यो, आमाले घरधन्दा समाल्नुका साथै मेलापातमा गएर परिवारलाई सहोयोग गर्नुहुन्थ्यो, आर्थिक अवस्था कमजोर भएपनि छोरीलाई पढाउने बुवाआमाको इच्छामा कहिल्यै कमि आएन। गाँऊमा धेरैले भन्ने गर्थे ,"छोरीलाई धेरै पढाएर के हुन्छ र ? अन्तत: पराइघर जाने जात हो " । तर आरतिका बुवाले सधै एउटै उत्तर दिनुहुन्थ्यो," छोरी र छोरामा कुनै भेद छैन। शिक्षा नै उसको सबैभन्दा ठूलो सम्पति हो।

स्नातक तह उतिर्ण गरेपछी आरती लोकसेवाको तयारी गर्न सहर जाने निर्णयमा पुगिन्। गाँऊ छाड्ने दिन आमाको आँखा रसाएका थिए । बुवाले उनको हातमा केही पैसा राख्दै भन्नुभयो " धेरै छैन ", तर हाम्रो आशा सबै तिमीमै छ । कहिल्यै हिम्मत नहार्नु, नराम्रो बाटो नहिड्नु" ।

विरानो सहर आरतिका लागि सपनाभन्दा बढी चुनौतिहरूको ठाऊँ बन्यो । उनले एउटा सानो कोठा भाडामा लिइन, कोठामा एउटा खाट,टेबल र केही पुस्तक मात्र थियो।

साझँ पर्दा झ्यालबाट देखिने सहरहरूका बत्तिहरू उनलाई सुन्दर लाग्यो, तर मनभित्रको एक्लोपन झन् गहिरो हुन्थ्यो।

सहरमा उनी कसैलाई चिन्दिनथिइन् । सरूका दिनहरू निकै कठिन थिए । नयाँ ठाउँ, नयाँ मानिस सिमित पैसा र अनिश्चित भविष्य, महिनाको खर्च धान्न उनले विहान र साझँ केही विद्यार्थिलाई ट्युसन पढाउन थालिन् । बाकी समय पुस्तकालय र अध्ययनमा नै बित्यो।

उनको दिन बिहान ४ बजे सुरू हुन्थ्यो। उनी नास्ता खाएर अध्ययन गर्न बस्थिन्, पुस्तकका प्रत्येक पानासँगै उनको सपना अझ स्पष्ट हुदै जान्थ्यो । कहिलेकाही थकानले शरिर गल्थ्यो, घरको सम्झनाले आखाँमा आसु आउँथ्यो । तर आमाको मुस्कान र बुवाको विश्वाससाथ सम्झिने वत्तिकै उनी फेरी किताब खोल्थिन्।

सार्वजनिक पुस्ताकालय उनका लागी दोस्रो घर जस्तै बन्यो। त्यहाँ देशका विभिन्न जिल्लाबाट आएका धेरै विद्यार्थि भेटिन्थ्ये । सबैको सपना एउटै थियो लोकसेवा पास हुने । त्यही पुस्तकालयमा उनको भेट मुना संग भयो। दुवैको सपना एउटै भएकाले उनीहरू चाडै साथी बने, कठिन विषयमा छलफल गर्थे, उत्तर लेख्ने अभ्यास गर्थे र एक अर्कालाई हौसला दिन्थे ।आरतिले बुझिन कि लोकसेवा केबल धेरै किताब पढ्ने परीक्षा होइन । यो समयको व्यवस्थापन, धैर्य, अनुशासनर आत्मविश्वासको पनि परीक्षा रहेछ। उनले दैनिक अध्ययन योजना बनाइन्, समाचारपत्र नियमित पढ्न थालिन्, पुराना प्रश्न पत्र समाधान गर्न थालिन् । आफ्ना कमि कमजो । टिपोट गरेर सुधार गर्न लागिन्।

महिनाहरू वित्दै गए, अन्तत: पहिलो पटक लोकसेवा परीक्षा दिने दिन आयो। परीक्षा हलमा प्रवेश गर्दा उनको मुटु तिव्रगतिमा धड्किरहेको थियो । उनले आफुलाई शान्त बनाइन् र प्रत्येक प्रश्न ध्यानपुर्वक पढेर सबै प्रश्नको उत्तर लेखिन् । परीक्षा सकिए पछी उनलाई केही आशा लागेको थियो। केहि समयपछी नितजा प्रकाशन भयो। आरतिले उत्सुकताका साथ नतिजा हेरीन् तर उनको नाम त्यहाँ थिएन , एकछिन पछि त उनि स्तन्ध भइन्, वर्षौंको मेहेनत व्यर्थ भएको जस्तो लाग्यो। त्यो रात उनि धेरै रोईन्, भोलिपल्ट आमालाई फोन गर्दा आफ्नो दु:ख लुकाउन सकिनन्।

आमाले शान्त स्वरका भन्नुभयो," असफलता भनेको बाटोको अन्त्य होइन" । सफल मानिसहरू पनि धेरै पटक लडेका हुन्छन् फरक यति हो, उनिहरू फेरी उठ्छन्।

आमाको त्यो वाक्यले उनको मनमा फेरी आशाको किरण जगायो। उनले आफ्ना उत्तरपत्र विश्लेशण गरिन्, समय व्यवस्थापन कमजोरी रहेछ भन्ने थाहा पाइन्, उत्तर लेख्ने शैली सुधारिन्, आत्मविश्वास बढाउन समुह छलफलमा सहभागी हुन् थालिन्, बोल्ने कला र अन्तर्वार्ताको तयारीमा पनि विशेष ध्यान दिन थालिन्।

दोस्रो वर्ष उनले पहिले भन्दा धेरै मेहेनत गरिन। हरेक दिन निश्चीत समय अध्ययन र लेखन अभ्यासमा खर्चिन थालिन । उनको मेहेनत अब परिपक्क अनुभवसँग जोडिएको थियो।

फेरी परीक्षा आयो । यसपटक उनि परीक्षा हलमा प्रवेश गर्दा उनको मनमा एउटा मात्र विश्वास थियो- आफुले सकेसम्म राम्रो गर्ने । उनले लिखीत परीक्षा सफलता पुर्वक पास गरिन्। त्यसपछी उनी अन्तर्वार्तामा आत्मविश्वासका साथ प्रस्तुत भइन् । देश, समाज, प्रशासन र सार्वजनिक सेवाप्रतिको आफ्नो दृष्टिकोण स्पष्ट रूपमा व्यक्त गरिन्।

केही महिनापछी अन्तिम नतिजा प्रकाशन भयो । कम्प्युटरको पर्दामा आफ्नो नाम देख्नेबित्तिकै उनि केहि क्षण निशब्द भइन् । त्यसपछी आखाँबाट खुसीका आँसु बग्न थाले। उनले तुरून्त बुवालाई फोन गरिन्।

"बुवा ... म सफल भएँ।"

उताबाट केही क्षण जवाफ आएन। त्यसपछी बुवाको भावुक स्वर सुनियो। " छोरी आज तिमीले हाम्रो सपना पुरा गरिदियौँ। हामिलाई तिमीमाथी गर्भ छ।

त्यो दिन गाँउभर खुसीको समाचार फैलियो। जसले कहिल्यै "छोरी के नै गर्न सक्छ र ?" भन्ने गर्थे। उनिहरू नै आज आरतिको सफलताको प्रशंसा गरिरहेका थिए । गाँउका धेरै अभिभावकहरूले आफ्ना छोरीहरूलाई उच्च शिक्षा पढाउने प्रेरणा पाएँ।

सरकारी सेवामा प्रवेश गरेपछि पनि आरतिले आफ्नो संघर्ष कहिल्यै विर्सिनन् । सेवाग्रही संग सम्मानपुर्वक व्यवहार गर्थिन्। कार्यालयमा इमान्दारिता, पारदर्शिता र जिम्मेवारीलाई आफ्नो पहिलो कर्तव्य मान्थिन् । फुर्सदको समयमा उनि गाँउगाँउमा पुगेर लोकसेवाको तयारी गरिरहेका विद्यार्थि, विशेषगरी छोराछोरीहरूलाई निशुल्क मार्गदर्शन दिन थालिन्।

एक दिन उनि फेरी आफु बसेको पुरानो सानोको कोठामा पुगिन्। भित्तामा समयले छोडेका दागहरू अझै थिए। झ्यालबाट उही सहर देखिन्थ्यो, तर आज उनको दृष्टि फरक थियो । त्यही कोठाले उनलाई अभावसँग लड्न सिकाएको थियो । त्यँही पुस्तकालयले ज्ञान दिएको थियो। त्यँही विरानो सहरले उनलाई आत्मनिर्भर धैर्यवान् र सफल बनाएको थियो।

आरतिले मुस्कुराउदै सोचिन मानिसलाई गन्तव्यमा पुर्याउने शक्ति काल भाग्यमा होईन निरन्तर मेहेनत, अनुशासन, धैर्य र आफ्ना सपना माथिको अटल विश्वासमा हुन्छ।

उनको कथा एउटा व्यक्तिको कथा मात्र होइन् , यो हरेक व्यक्ति छोरीको कथा हो। जसले समाजका पुर्वाग्रह, आर्थिक अभाव र अनगिन्ति चुनौतिका बिच पनि आफ्नो सपना त्याक्दिन् उनलाई धेरै पटक एक्लो बनायौँ तर त्यँही एक्लोपनले उनको आत्मविश्वासलाई बलियो बनायो । संघर्षले उनको परीक्षा लियो तर उनको साहसलाई हराउन सकेन्।

अन्तत: आरतिले प्रमाणीत कि लोकसेवा केवल जागिर प्राप्त गर्ने माध्यम होईन् ।यो समाज र राष्ट्रप्रति उत्तरदायित्व भएर सेवा गर्ने अवसर हो । सपना ठूलो भएमा बाटो कठिन् हरन सक्छ, तर निरन्तर प्रयास गर्ने मानिसको लागी कुनै पनि विरानो सहर एक दिन आफ्नै सफलताको सहर बन्न सक्छ।

## सार्वजनिक...

बखतमा नै निर्क्यौल गर्नुपर्ने प्रकृतिको रहेको उल्लेख गर्दै अन्तरिम आदेश भने दिन इन्कार गरेको छ।

खरिद ऐनमा भएको संसोधनमार्फत पत्रिकामा सूचना तथा विज्ञापन प्रकाशनमा पूर्व प्रतिबन्ध लगाइएको विषय असंवैधानिक भएको, असंवैधानिक संसोधनलाई विकसित मुलुकका सर्वोच्च अदालतहरुले समेत बदर गरिदिएको दृष्टान्त सहित अधिवक्ताद्धय अनन्तराज लुईंटेल र रामप्रसाद पुडासैनीले अन्तरिम आदेशको माग गर्दै रिट निवेदन दायर गरेका थिए।

संविधानको धारा १९ प्रतिकूल समाचार तथा सूचना प्रकाशनमा पूर्वप्रतिबन्ध लगाउने व्यवस्थाले समग्र लोकतान्त्रिक शासन व्यवस्थालाई नै कमजोर बनाउने भन्दै बरिष्ठ अधिवक्ताहरु ललित बहादुर बस्नेत र निवेदक अधिवक्ता लुईंटेलले लोकतान्त्रिक शासन व्यवस्था र चौथो अंगलाई जोगाउन अन्तरिम आदेशको माग गरेका थिए।

अधिवक्ताहरु किर्तिनाथ शर्मा पौडेल, प्रतिभा उप्रेती, विशाल थापा, सकुन्तला भुषाल र सूर्यवति पुडासैनी लगायतका कानुन व्यवसायीयले समेत निवेदकको तर्फबाट बहस गरेका थिए।

सार्वजनिक खरिद अध्यादेश विरुद्ध अधिवक्ताद्धयले जेठ १२ मा दायर गरेको रिटमा सुनुवाई नहुँदै संसदबाट पारित भई अध्यादेशले कानुनको रुप लिएपछि निवेदकद्धयले पुरक निवेदन समेत दायर गरेका थिए। उक्त पुरक निवेदन समेत मूल निवेदनसंगै बुधबार इजलासमा पेश भएको थियो।

सर्वाजकि खरिद ऐन, २०६३ को दफा १४(१), ३०(१) र ४०(१) मा भएको संसोधनले पत्रिकामा टेण्डर विज्ञापन प्रकाशन गर्न रोक लगाउ"दै वेभसाइटमा मात्रै प्रकाशित गर्नुपर्ने गरी पहिला अध्यादेश मार्फत संसोधन भएकोमा पछि उक्त अध्यादेश संसदबाट पारित भई असार १५ मा राष्ट्रपतिबाट प्रमाणिकरण भइसकेको छ।

सरकारले विज्ञापनमा लगाएको एकद्धार नीति नेपाल मिडिया सोसाइटीका अख्तियारप्रात अधिवक्ता लुईंटेलकै निवेदनका आधारमा सर्वोच्च अदालतबाट असार ३० मा खारेज भइसक्दा समेत सरकारले सार्वजनिक खरिद ऐनमा भएको संसोधनका आधारमा दैनिक पत्रिकामा विज्ञापन रोक लगाई आर्थिक नाकाबन्दी लगाउ"दै आएको छ।

सर्वोच्च अदालतका न्यायाधीशद्धय शारंगा सुवेदी र नृपध्वज निरौलाको संयुक्त इजलासले विज्ञापनमा असार ३० को फैसला मार्फत विभेदको अन्त्य गरिदिएपछि पनि सरकारले भने सार्वजनिक खरिद ऐनमा भएको संसोधनलाई सिरानी हालेर मिडियामाथिको नाकाबन्दी कायमै राखेको छ। सो अध्यादेशको संसोधनअघि नै प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयका सचिवको चैत १८ गतेको सचिवस्तरीय निर्णय गरी प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले सरकारी विज्ञापन तथा सूचनाहरु संचारमाध्यममार्फत प्रकाशन तथा प्रशारण गर्दा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानिय तह तथा सो अन्तर्गतका निकायहरु तथा सार्वजनिक कोष प्रयोग गरी कार्य गर्ने सबै सार्वजनिक निकायहरुले आफ्ना सूचनाहरु गोरखापत्र संस्थान, रेडियो नेपाल, नेपाल टेलिभिजन तथा सरकारी स्वामित्वमा रहेका संचार माध्यममा मात्र प्रकाशन तथा प्रशारण गर्ने निर्णय गरी सबै निकायमा परिपत्र गरेको थियो।

## दुई...

बिक्री सम्झौताअनुसार राष्ट्रिय प्रसारण प्रणालीमा जोडिनेछ। देशभित्रको खपतपछि उपलब्धताका आधारमा बाह्य बजारमा समेत विद्युत् बिक्री गर्न सकिने आयोजनाको भनाइ छ। बेतन कर्णालीको निर्माण अघि बढेसँगै कर्णाली नदीको जलस्रोत उपयोग, स्थानीय पूर्वाधार विकास र स्वदेशी लगानीमार्फत ठूलो जलविद्युत् आयोजना निर्माण गर्ने योजनाले गति लिएको छ। अब आयोजना तोकिएको समयमै निर्माणमा प्रवेश गराउन जग्गा, वन, मुआब्जा, वित्तीय व्यवस्थापन र प्रसारणसम्बन्धी बाँकी प्रक्रिया छिटो टुंग्याउनुपर्ने चुनौती भने कायमै छ।

## बेतन...

अनुसार अछामतर्फ पर्ने प्रभावित क्षेत्रको जग्गाको मुआब्जा निर्धारण भई वितरणको चरणमा पुगेको छ भने सुर्खेततर्फ मुआब्जा निर्धारणको प्रक्रिया जारी छ। आयोजनाका लागि आवश्यक हदबन्दी फुकुवा गर्न फाइल भूमि मन्त्रालयमा पुगेको छ। वन क्षेत्रको रुख कटान र भोगाधिकारको प्रक्रिया पनि अघि बढेको छ।

प्रारम्भिक विवरणअनुसार आयोजनाबाट प्रभावित क्षेत्रमा करिब ४ हजार १ सय ९१ वटा रुख कटान गर्नुपर्ने देखिएको छ। अहिले रुखको गणना तथा छपानको काम भइरहेको आयोजनाका इन्जिनियर सुरेन्द्र शाहीले जानकारी दिए।

आयोजनाको पहुँचमार्ग निर्माणलाई समेत प्राथमिकता दिइएको छ। गुटुदेखि झ्यालेडा, सालको खोप्री हुँदै घोक्रेसम्म कच्ची सडकको ट्र्याक खोलिएको छ।

मुख्य पहुँचमार्ग गुटुदेखि घोक्रे हुँदै टटालीसम्म करिब ३४ किलोमिटर रहनेछ। वातावरणीय प्रक्रिया पूरा भएपछि सडक निर्माणका लागि ठेक्का आह्वान गर्ने तयारी छ। आयोजनाका निर्देशक कृष्ण आचार्यका अनुसार घोक्रे क्षेत्रमा बेलीरट्रस्ट पुल निर्माण भइरहेको छ। टटालीघाटमा स्थायी मोटरेबल पक्की पुल निर्माण गर्ने तयारी छ। मालुमेलामा बेलीब्रिज तथा घोक्रे क्षेत्रमा आवतजावत सहज बनाउन झोलुंगे पुल निर्माण गर्ने योजना रहेको आयोजनाले जनाएको छ।

# राष्ट्रिय प्रसारण लाइन जोडिन फेरि ढिलाइ



**काँक्रेविहार संवाददाता**
हुम्ला, २७ साउन

हिमाली जिल्ला हुम्लालाई राष्ट्रिय प्रसारण लाइनमा जोड्ने योजना फेरि पछाडि धकेलिएको छ। निर्माण कम्पनीले काम सुस्त गतिमा अघि बढाएपछि निर्धारित समयमै आयोजना सम्पन्न हुन नसक्ने भएको हो।

परियोजना प्रमुख धीरेन्द्र यादवका अनुसार यसअघि गत असार मसान्तसम्म हुम्लालाई राष्ट्रिय प्रसारण लाइनमा जोड्ने लक्ष्य राखिएको थियो। तर, निर्माण कार्य पूरा नभएपछि अब सन् २०२६ मार्चसम्म काम सम्पन्न गर्ने गरी समय थप गरिएको छ।

मुगुको गमगढीबाट हुम्लातर्फ प्रसारण लाइन विस्तारका लागि पोल गाड्ने काम भइरहेको भए पनि अपेक्षित गतिमा काम अघि बढ्न सकेको छैन।

प्रसारण लाइन विस्तार हुने क्षेत्रमा आवश्यक भूभाग परीक्षण (बीईएस)को कामसमेत समयमा हुन नसक्दा आयोजना प्रभावित भएको यादवले बताए। हाल विभिन्न स्थानमा पोल छरिएर रहेका छन्। पोल गाड्ने काम सकिएपछि तार तान्ने कार्य अघि बढाउनुपर्नेछ।

वर्षायाम सुरु भइसकेकाले निर्माण कार्यमा थप ढिलाइ हुन सक्ने परियोजनाले जनाएको छ। त्यसैगरी अदानचुली गाउँपालिका र जिल्ला सदरमुकाम सिमकोटमा निर्माण भइरहेका सबस्टेसनको काम पनि सुस्त गतिमा भइरहेको प्रतिनिधिसभा सदस्य जयपति रोकायाले बताए।

राष्ट्रिय प्रसारण लाइन विस्तारमा भइरहेको ढिलाइबारे आफूले नेपाल विद्युत् प्राधिकरण र सम्बन्धित परियोजनासँग निरन्तर समन्वय गरिरहेको उनको भनाइ छ।

रोकायाले हुम्लाको विद्युत् समस्याबारे संसद्को पूर्वाधार विकास समितिको बैठकमा समेत कुरा उठाउनुभएको छ।

राष्ट्रिय प्रसारण लाइन नपुगेका कारण हुम्लाका नागरिकले अझै पनि नियमित विद्युत् सेवा पाउन सकेका छैनन्। हाल वर्षायाममा समेत हुम्लामा दैनिक पाँचदेखि छ घण्टासम्म विद्युत् कटौती हुने गरेको छ।

नेपाल विद्युत् प्राधिकरणले सन् २०२४ मार्चदेखि निर्माण सुरु गर्ने गरी सम्झौता गरेको थियो र सन् २०२५ मार्चसम्म काम सम्पन्न गर्ने लक्ष्य राखिएको थियो।

निर्धारित समयमा काम पूरा नभएपछि आयोजनाको म्याद एक वर्ष थप गरिएको थियो। निर्माण कम्पनी जेएनसीसी अफगानीले थपिएको अवधिमा समेत काम पूरा गर्न नसकेपछि हुम्लालाई राष्ट्रिय प्रसारण लाइनमा जोड्ने समय पुनः अनिश्चित बनेको छ।

आयोजना समयमै सम्पन्न नहुँदा जिल्लावासीले नियमित र भरपर्दो विद्युत् सेवाका लागि अझै कुर्नुपर्ने अवस्था देखिएको छ।

# कुमाखमा विपद् व्यवस्थापन स्वयंसेवकलाई चारदिने तालिम

**काँक्रेविहार संवाददाता**
सल्यान, २७ साउन



कुमाख गाउँपालिकामा पालिकास्तरीय विपद् व्यवस्थापन स्वयंसेवकको क्षमता अभिवृद्धिका लागि चारदिने तालिम सम्पन्न भएको छ। कुमाख गाउँपालिका र नेपाल रेडक्रस सोसाइटीको साझेदारीमा सञ्चालित सुधार परियोजनाअन्तर्गत साउन २३ देखि २६ गतेसम्म तालिम सञ्चालन गरिएको हो।

तालिममा गाउँपालिकाका सबै वडाबाट २६ जना स्वयंसेवक सहभागी भएका थिए। विपद्का समयमा स्थानीयस्तरमै तत्काल उद्धार तथा प्राथमिक उपचार गर्न सक्ने दक्ष जनशक्ति तयार गर्ने उद्देश्यले तालिम आयोजना गरिएको आयोजकले जनाएको छ।

तालिममा बाढीमा फसेका व्यक्तिको उद्धार, आगलागी नियन्त्रण, भूकम्पपछि घाइतेको उद्धार तथा प्राथमिक उपचारका विषयमा सैद्धान्तिक र व्यावहारिक अभ्यास गराइएको थियो।

सहभागीलाई पानीबाट निभाउन नसकिने आगो नियन्त्रण तथा दुर्घटनाका क्रममा अपनाउनुपर्ने सुरक्षा उपायबारे समेत अभ्यास गराइएको थियो। त्यस्तै, जीवनरक्षाका लागि महत्वपूर्ण मानिने सीपीआर सम्बन्धी सैद्धान्तिक तथा व्यावहारिक प्रशिक्षण दिइएको थियो।

घटनास्थलमा पुगेर घाइतेको अवस्था पहिचान गर्ने, सुरक्षित रूपमा उद्धार गर्ने र स्वास्थ्य संस्था वा उद्धार टोली नपुग्दासम्म प्राथमिक उपचार गर्ने तरिकाबारे स्वयंसेवकलाई अभ्यास गराइएको आयोजकले जनाएको छ। तालिममा भोजराज ओझा, शिवराम खत्री, केशरकुमार गौतम र यदु आचार्यले प्रशिक्षकका रूपमा सहजीकरण गरेका थिए। नेपाल रेडक्रस सोसाइटी कुमाख पालिका शाखा, जिल्ला शाखा तथा कर्णाली प्रदेशका प्रतिनिधिले पनि प्रशिक्षणमा सहजीकरण गरेका थिए।

नेपाल रेडक्रस सोसाइटी कर्णाली प्रदेश कार्यालय प्रमुख राजकुमार क्षेत्रीले विपद्का बेला तत्काल परिचालन गर्न सकिने दक्ष जनशक्ति स्थानीयस्तरमै तयार गर्नु तालिमको मुख्य उद्देश्य रहेको बताए। उनले उद्धार, प्राथमिक उपचार र विपद् प्रतिकार्य सम्बन्धी सीप भएका स्वयंसेवक परिचालन गर्न सके समुदायको विपद् सामना गर्ने क्षमता बढ्ने बताए।

कुमाख गाउँपालिकाका वन, वातावरण तथा विपद् व्यवस्थापन शाखा प्रमुख जीवन शर्माले बाह्य उद्धार टोली घटनास्थलमा पुग्नुअघि स्थानीयस्तरमै प्रारम्भिक उद्धार र प्राथमिक उपचार गर्न सक्ने जनशक्ति आवश्यक रहेको बताए। सबै वडाबाट स्वयंसेवक सहभागी गराइएकाले गाउँपालिकाको स्थानीय विपद् प्रतिकार्य प्रणालीलाई थप प्रभावकारी बनाउन सहयोग पुग्ने उनको भनाइ छ। तालिमबाट कुमाख गाउँपालिकाका सबै वडामा बाढी, आगलागी, भूकम्पलगायत विपद्का घटनामा तत्काल परिचालन हुन सक्ने स्वयंसेवक तयार भएको आयोजकले जनाएको छ। स्थानीय जनशक्तिको क्षमता अभिवृद्धिले विपद्का समयमा हुने मानवीय तथा भौतिक क्षति न्यूनीकरणमा सहयोग पुग्ने अपेक्षा गरिएको छ।

# सदरमुकाममा पानीको हाहाकार



**काँक्रेविहार संवाददाता**
मुगु, २७ साउन

जिल्ला सदरमुकाम गमगढीमा नौ दिनदेखि खानेपानी आपूर्ति अवरुद्ध हुँदा स्थानीयवासी समस्यामा परेका छन्।

नियमित पानी नआएपछि बजारवासी, विद्यार्थी, सरकारी कर्मचारी, व्यवसायी तथा सेवाग्राहीलाई दैनिक आवश्यकताका लागि पानी जुटाउन कठिन भएको छ।

लगातार खानेपानी आपूर्ति बन्द हुँदा बालबालिकाको सरसफाइदेखि शौचालय प्रयोगसम्म प्रभावित भएको स्थानीयवासीले बताएका छन्।

सदरमुकाममै लामो समयसम्म पानीको समस्या हुँदा सम्बन्धित निकायले तत्काल समाधानका लागि प्रभावकारी कदम चाल्नुपर्ने उनीहरूको माग छ।

मुगुम कार्मारोङ गाउँपालिका नौकी बिजकला बुढाले लामो समयदेखि पानी नआउँदा घरायसी कामकाज प्रभावित भएको बताइन्।

पानीको अभावका कारण बालबालिकालाई सरसफाइ गराउन तथा दैनिक उपभोगका लागि आवश्यक पानीको व्यवस्थापन गर्न समस्या भएको उनको भनाइ छ।

त्यस्तै, छायानाथ रारा नगरपालिका नौ की कक्षा छ मा अध्ययनरत छात्रा विजय रोकायाले टाढाबाट पानी बोकेर ल्याउनुपर्ने बाध्यता रहेको बताइन्।

उनले खानेपानी वितरण प्रणालीको नियमित मर्मत तथा व्यवस्थापनमा सम्बन्धित उपभोक्ता समितिले थप प्रभावकारी काम गर्नुपर्ने बताइन्।

गमगढी खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका अध्यक्ष गोर्खबहादुर मल्लका अनुसार ताल्चा क्षेत्रमा गएको सुख्खा पहिरोका कारण करिब ५० मिटर खानेपानीको पाइप बगाएपछि आपूर्ति बन्द भएको हो।

क्षतिग्रस्त पाइप मर्मतको काम भइरहेको र मर्मत पूरा भएपछि पानीको आपूर्ति पुनः सञ्चालन गरिने उनले बताए। खानेपानी अभावको प्रत्यक्ष असर बजारमा सञ्चालित होटल, चिया पसल तथा अन्य व्यवसायमा समेत परेको छ।

बाहिरबाट सेवा लिन गमगढी आउने सेवाग्राहीलाई पनि पानीको अभावले समस्या भएको स्थानीय व्यवसायीको भनाइ छ। विद्यार्थी, बालबालिका र वृद्धवृद्धा झनै प्रभावित भएका छन्।

जिल्ला प्रशासन कार्यालय मुगुका प्रमुख जिल्ला अधिकारी पोषणराज भण्डारीले खानेपानी समस्या तत्काल समाधान गर्न सम्बन्धित निकायसँग समन्वय भइरहेको बताए।

उनका अनुसार क्षतिग्रस्त पाइपको मर्मत सकेर यथाशीघ्र खानेपानी आपूर्ति सुचारु गर्ने प्रयास भइरहेको छ।

स्थानीयवासीले तत्काल खानेपानी आपूर्ति पुनः सञ्चालन गर्न माग गर्दै भविष्यमा प्राकृतिक विपद्का कारण लामो समयसम्म पानी अवरुद्ध नहुने गरी वैकल्पिक व्यवस्था र दीर्घकालीन योजना बनाउन सम्बन्धित निकायको ध्यानाकर्षण गराएका छन्।

# सात सय ६६ भूकम्पपीडितलाई आवास अनुदान

**काँक्रेविहार संवाददाता**
रूकुमपश्चिम, २७ साउन



२०८० कात्तिक १७ गते जाजरकोट केन्द्रबिन्दु भएर गएको भूकम्पबाट प्रभावित रुकुमपश्चिमका सात सय ६६ परिवारका लागि निजी आवास पुनर्निर्माणको पहिलो किस्ता रकम माग गरिएको छ।

मङ्गलबार बसेको जिल्ला विपद् व्यवस्थापन समितिको बैठकले आवश्यक प्रक्रिया पूरा गरेका लाभग्राहीका लागि पहिलो किस्ताको अनुदान रकम निकासा गर्न राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणसँग माग गर्ने निर्णय गरेको हो। प्रमुख जिल्ला अधिकारी निशानराज गौतमका अनुसार भूकम्प प्रभावित निजी आवास पुनर्निर्माण सम्बन्धी कार्यविधि अनुसार सम्झौता गरी आवश्यक कागजात पूरा गरेका लाभग्राहीको विवरण रुजु गरेर रकम माग गरिएको हो।

प्रशासन कार्यालयका अनुसार प्रतिलाभग्राही ५० हजार रुपैयाँका दरले कुल तीन करोड ८३ लाख रुपैयाँ माग गरिएको छ। मुसीकोट नगरपालिकाका ६५, चौरजहारी नगरपालिकाका एक सय ६२, त्रिवेणी गाउँपालिकाका तिन सय दुई र सानीभेरी गाउँपालिकाका दुई सय ३७ जना लाभग्राही यसमा समेटिएका छन्।

भूकम्पअघि आफ्नै नाममा जग्गाधनी पुर्जा भएका र अन्य आवश्यक प्रक्रिया पूरा गरेका प्रभावितलाई पहिलो किस्ताका लागि छनोट गरिएको प्रशासनले जनाएको छ।

आठबिसकोट नगरपालिका र बाँफिकोट गाउँपालिकाबाट भने हालसम्म पहिलो किस्ताका लागि रकम माग गर्न आवश्यक प्रक्रिया पूरा भएको विवरण प्राप्त भएको छैन।

आठबिसकोट नगरपालिकाका उपप्रमुख धनकुमारी शाहीले प्राधिकरण र प्रशासनबाट प्राप्त विवरणलाई वडास्तरमा पुनः प्रमाणीकरण गरी अपलोड गर्ने काम भइरहेको बताए। उनका अनुसार एक साताभित्र केही लाभग्राहीका लागि पहिलो किस्ता माग गर्ने तयारी छ। भूकम्प गएको लामो समयपछि आवास निर्माणका लागि अनुदान प्रक्रिया अघि बढेपछि प्रभावित परिवारमा घर पुनर्निर्माण हुने आशा बढेको स्थानीय जनप्रतिनिधि तथा राजनीतिक दलका प्रतिनिधिले बताएका छन्। बैठकमा वास्तविक लाभग्राही छुट्न नहुने विषयमा समेत छलफल भएको थियो। केही स्थानमा भूकम्पअघि नै पक्की घर निर्माण गरिसकेका व्यक्तिको नामसमेत लाभग्राही सूचीमा देखिएको गुनासो आएपछि तथ्याङ्क प्रमाणीकरणमा विशेष ध्यान दिनुपर्नेमा सहभागीले जोड दिएका छन्।

प्रशासन कार्यालयका अनुसार भूकम्पबाट घरमा क्षति पुगेका ३० हजार आठ सय ५० जनाको विस्तृत विवरण प्राधिकरणले तयार गरेको छ। कार्यविधि अनुसार प्रक्रिया पूरा गर्दै जाने लाभग्राहीका लागि क्रमशः अनुदानको किस्ता माग गरिने जनाइएको छ।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
ह.नि.सु.द.नं. ०१/२०८२/०८३

# काँचो स्याउ बाहिरिन नदिन जुम्लामा निगरानी कडा

काँक्रेविहार संवाददाता
जुम्ला, २७ साउन

जुम्लाको तिला गाउँपालिकाले अपरिपक्व स्याउ जिल्ला बाहिर जान नदिन निगरानी तथा गुणस्तर परीक्षणलाई कडाइ गरेको छ। स्याउको मुख्य सिजन सुरु भएसँगै समयअगावै टिपेर बाहिरी बजार लैजान खोजिएका तीनवटा स्याउ बोकेका गाडी राराचौकीमा रोकिएका छन्।



पछिल्लो तीन-चार दिनमा राराचौकीमा रोकिएका गाडीमा लोड गरिएको स्याउ कृषि प्राविधिकमार्फत परीक्षण गर्दा पूर्ण रूपमा परिपक्व नभएको पाइएको तिला गाउँपालिकाको कृषि शाखाले जनाएको छ। स्याउ अझै केही दिन बोटमै राखेर मात्र टिप्न उपयुक्त देखिएपछि ती गाडीलाई तत्काल जिल्ला बाहिर जान रोक लगाइएको हो। तिला गाउँपालिका कृषि शाखा प्रमुख राजेश विश्वकर्माका अनुसार आवश्यक जानकारी नदिई तथा तोकिएको समयभन्दा अगावै स्याउ टिपेर सुर्खेत र नेपालगन्जलगायतका बजारमा लैजान खोजिएपछि गाडी रोकिएको हो। उनका अनुसार रोकिएका तीनवटै गाडीका स्याउ परीक्षण गर्दा बजारमा पठाउनुअघि अझै केही दिन कुर्नुपर्ने अवस्था देखिएको थियो। गाउँपालिकाले नाकामा गाडी रोक्ने मात्र नभई किसानका बगैँचामै पुगेर स्याउको अवस्था परीक्षण तथा अनुगमनसमेत गरिरहेको छ। कृषि प्राविधिकसहितको टोलीले विभिन्न क्षेत्रमा रहेका बगैँचामा पुगेर स्याउको परिपक्वता, गुणस्तर र बजारमा पठाउन योग्य भए-नभएको परीक्षण गरिरहेको छ। कृषि शाखाका अनुसार स्याउको आकार ठूलो हुँदैमा मात्र बजारमा पठाउन योग्य मानिँदैन। आवश्यक रङ, स्वाद, गुलियोपना तथा अन्य गुणस्तरीय मापदण्ड पूरा भएपछि मात्रै स्याउ टिप्न किसानलाई आग्रह गरिएको छ। समय नपुग्दै टिपिएको स्याउ बजारमा पठाउँदा तत्काल आम्दानी भए पनि त्यसले जुम्लाको स्याउको समग्र गुणस्तरमा असर पार्न सक्ने कृषि शाखा प्रमुख विश्वकर्माले बताए। उनले केही दिन कुर्दा परिपक्व र गुणस्तरीय स्याउ बजारमा पठाउन सकिने भएकाले किसानलाई हतार नगर्न आग्रह गरे।राराचौकीमा रोकिएका तीनवटा गाडीमध्ये केही स्याउ तिला गाउँपालिकाका किसानको भए पनि अधिकांश स्याउ चन्दननाथ नगरपालिकाबाट ल्याइएको प्रारम्भिक परीक्षणबाट खुलेको कृषि शाखाले जनाएको छ।

जिल्ला प्रशासन कार्यालय जुम्लामा भएको सर्वपक्षीय बैठकले यसअघि नै स्याउ टिप्ने समय निर्धारण गरेको थियो। निर्णय अनुसार तिला गाउँपालिकामा भदौ पाँच गतेदेखि स्याउ टिप्न सकिने व्यवस्था गरिएको छ भने जिल्लाका अन्य स्थानीय तहमा भदौको दोस्रो सातादेखि मात्र टिप्न पाइनेछ।

तोकिएको समयअघि नै स्याउ टिपेर बाहिरी बजारमा पठाउने प्रयास हुन थालेपछि स्थानीय तहले निगरानी बढाएका छन्। गाउँपालिकाले किसान, व्यापारी र संकलनकर्तालाई निर्धारित समय तथा गुणस्तरीय मापदण्ड पालना गर्न आग्रह गरेको छ।

काँचो स्याउ बाहिरी बजारमा पुगेमा जुम्लाको स्याउको स्वाद, गुणस्तर र बजारमा बनेको पहिचानमा नकारात्मक असर पर्न सक्ने भएकाले सबै पक्ष जिम्मेवार हुनुपर्ने कृषि शाखाले जनाएको छ।

गाउँपालिकाले आगामी दिनमा पनि बगैँचा अनुगमन, स्याउ परीक्षण तथा बाहिरी बजारतर्फ जाने स्याउको निगरानीलाई निरन्तरता दिने जनाएको छ।

# 'यातायात सुधार सरकारको प्राथमिकतामा छ, प्रविधि र सुरक्षामा जोड दिन्छौं'

काँक्रेविहार संवाददाता
काठमाडौं, २७ साउन

भौतिक पूर्वाधार तथा यातायात क्षेत्रका सल्लाहकार अनुकूल निधिले सार्वजनिक यातायात सुधारका लागि नीति निर्माणसँगै प्रविधिको विकासलाई पनि प्राथमिकता दिनुपर्ने बताएका छन्।

बुधबार 'नाइमा मोबिलिटी संवाद' कार्यक्रममा बोल्दै निधिले सरकारले पछिल्लो समय सार्वजनिक यातायात सुधारलाई उच्च प्राथमिकता दिएको बताए। उनले २५ वर्षपछि राष्ट्रिय यातायात नीति, २०८३ जारी भएको उल्लेख गर्दै सार्वजनिक यातायात सुधारसँग सम्बन्धित विषयलाई नीतिमा समेटिएको बताए।

उनका अनुसार सार्वजनिक यातायातलाई व्यवस्थित र सुरक्षित बनाउन नीति सुधारसँगै नयाँ प्रविधिको प्रयोगमा पनि जोड दिन आवश्यक छ। 'पछिल्लो समय सार्वजनिक यातायात सुधारलाई सरकारले मुख्य प्राथमिकता दिएको छ। २५ वर्षपछि राष्ट्रिय यातायात नीति २०८३ आएको छ। सार्वजनिक यातायात सुधारसम्बन्धी सम्पूर्ण कुरा सो नीतिमा समेटिएको छ,' उनले भने, 'सार्वजनिक यातायात सुधारका लागि नीति सुधार मात्रै नभई प्रविधिको विकासमा समेत जोड दिनुपर्नेछ। सार्वजनिक यातायातमा जडान गर्नुपर्ने नयाँ प्रविधिका विषयमा मापदण्ड लागू गरिरहेका छौं।'

निधिले नयाँ सरकार गठन भएको पछिल्लो चार महिनामा यातायात क्षेत्र सुधारका लागि विभिन्न काम अघि बढाइएको दाबी गरे। यातायात सुधारका लागि आवश्यक छुट्टाछुट्टै शाखा सञ्चालन गर्ने तयारी भइरहेको र सडक सुरक्षासँगै व्यवस्थापनलाई मुख्य प्राथमिकतामा राखिएको उनको भनाइ छ।


## हिमालयन लाइफ इन्स्योरेन्स लि.

HIMALAYANLIFE
सुरक्षा अटल, भविष्य सबल

Himalayan Life Insurance Limited
P.o.Box : 25979/Manakamana Marga, Hattisar, Kathmandu
Phone No.: 01-4441414, 01-5970057
E-mail : info@himalayanlife.com.np
Web : himalayanlife.com.np

### हकदाबी सम्बन्धी सूचना !

*(सूचना प्रकाशित मितिः २०८३/०४/२८ गते)*

यस कम्पनीबाट जारी भएका तपसिलमा उल्लेखित भएको बीमालेखका बीमितले बीमालेख हराएको प्रतिलिपि बिमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बिमालेख उपर हक दाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिनभित्र यस कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाणसहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ। सो अवधिभित्र दाबी दर्ता नभएमा निवेदनकको माग बमोजिम प्रतिलिपि बीमालेख जारी गरिने व्यहोरा समेत सबैको लागि जानकारी गराइन्छ।

**तपसिल**:

| बिमालेख नं. | नाम | ठेगाना/ मोबाइल नं. |
|---|---|---|
| १८३०००१८२८ | सन्ध्या तिवारी | वीरेन्द्रनगर-१०, सुर्खेत ९८४८०६९६०१ |



## उद्योग खारेजीको सूचना

**सूचना प्रकाशित मिति : २०८३/०४/२८**

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री धना देवकोटा** धनी रहेको, **दर्ता नम्बर** ५५०७/०७६/०७७ बाट **भेरीगंगा-४, सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **देवकोटा कृषि तथा पशुपंक्षी पालन फर्म** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।

## उद्योग खारेजीको सूचना

**सूचना प्रकाशित मिति : २०८३/०४/२८**

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री टिका कुमारी सलामी मगर** धनी रहेको, **दर्ता नम्बर** ८८९०/०७८/०७९ बाट **वीरेन्द्रनगर-१, सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **कल्पना लेडिज टेलर्स** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।

## उद्योग खारेजीको सूचना

**सूचना प्रकाशित मिति : २०८३/०४/२८**

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री शान्ति चौधरी** धनी रहेको, **दर्ता नम्बर** १२०५७/०८१/०८२ बाट **वीरेन्द्रनगर-८, सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **द स्वस्तिक प्रिन्ट** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।

## उद्योग खारेजीको सूचना

**सूचना प्रकाशित मिति : २०८३/०४/२८**

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री बिन्द कुमारी मगर** धनी रहेको, **दर्ता नम्बर** ४५४२/०७४/०७५ बाट **वीरेन्द्रनगर-४, सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **श्री खप्तडी कृषि तथा पशुपंक्षी फर्म** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।







काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)